# सहकारीमा ऋण असुली

# (Credit Recovery) व्यवस्थापन

# विषयहरू:

१. ऋण असुली परिचय

२. असुली सम्बन्धि केहि कानुनी प्रावधानहरू

३. सहकारीको ऋण असुली नीति

४. ऋण असुली प्रक्रिया

५. असुली नियन्त्रण प्रणाली

# ऋण असुली (Credit Recovery)


- ✓ अवधि वा भाखाभित्र भुक्तानी नभएको ऋणलाई प्रक्रियागत रुपमा असुली गर्नु,
- ✓ ऋणीले कबुल गरेको अवधि र भुक्तानी तालिका/तरिका अनुसार भुक्तानी नभएको अवस्थामा ऋण असुली गर्ने प्रकृया
- ✓ ऋणी ऋण तिर्न असक्षम भएको अवस्थामा ऋण असुली गर्ने प्रक्रिया

# ऋण असुली(Credit Recovery)...

- ऋण असुलीको निश्चित विधि र प्रक्रियाहरु हुन्छन्,
- ऋण असुली भनेको साँवा र व्याज भुक्तानी पाउनुपर्ने समयसम्म नपाएको अवस्थामा सो रकम फिर्ता भुक्तानी प्राप्तिको लागि गरिने सम्पूर्ण कानुनी र नीतिगत प्रक्रियालाई बुझ्नुपर्छ ।



# ऋण असुली (Credit Recovery)...



- ऋण असुली सम्बन्धि जानकारीहरु पर्याप्त भएमा मात्रै प्रक्रियामा जान सकिन्छ,
- कतिपय अवस्थामा ऋण असुलीको लागि तेस्रो पक्षको समेत सहायता लिइन्छ (जस्तै कानुनी विज्ञ, ऋण असुली न्यायाधिकरण)

# ऋण असुली सम्बन्धि कानुनी प्रावधान

- ✓ आकर्षित हुने मुख्य कानुनहरु:
  - ➢ सहकारी ऐन २०७४
  - ➢ सहकारी नियमावली २०७५
  - ➢ मुलुकी देवानी संहिता २०७४
- ✓ सहकारीको विनियम
- ✓ सहकारीको ऋण व्यवस्थापन आन्तरिक कार्यविधि
- ✓ सहकारीको असुली सम्बन्धि नीतिगत व्यवस्था

# ऋण असुली सम्बन्धि कानुनी प्रावधान...

- ✓ धितो लिलामी सम्बन्धि प्रावधानहरु
- ✓ जमानीसँग असुल गर्ने प्रावधानहरु,
- ✓ दामासाही सम्बन्धि कानुनी प्रावधानहरु,

# सहकारी ऐन २०७४ को असुली सम्बन्धि व्यवस्थाहरू

## परिच्छेद १४

दफा ७९ ऋण असुल गर्ने: (१) कुनै सदस्यले सहकारी संस्थासंग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको साँवा, ब्याज र हर्जना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित सहकारी संस्थाले लिलाम बिक्री गरि वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जना असुल उपर गर्न सक्नेछ ।

# सहकारी ऐन २०७४ को असुली सम्बन्धि व्यवस्थाहरू...

## परिच्छेद १४, दफा ७९

(२) कुनै सदस्यले सहकारी संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कूनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१),(२) बमोजिमको धितोबाट पनि सावाँ, व्याज र हर्जानाको रकम असुल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, व्याज र हर्जना असुल उपर गर्न सकिनेछ ।

# सहकारी ऐन २०७४ को असुली सम्बन्धि व्यवस्थाहरू...

## परिच्छेद १४, दफा ७९

(४) यस दफा बमोजिम साँवा, ब्याज र हर्जना असुल उपर गर्दा लागेको खर्चको रकम तथा असुल उपर भएको साँवा ब्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम कुनै सहकारी संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यलायमा लेखी पठाउनेछ र सम्बन्धित कार्यलयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सो को जानकारी सम्बन्धित सहकारी संस्थालाई दिनु पर्नेछ ।

# सहकारी ऐन २०७४ को असुली सम्बन्धि व्यवस्थाहरू...

## परिच्छेद १४, दफा ७९

(६) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्था आफैले सकार गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम आफैले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यलयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ ।

(८) ऋण असुली सम्बन्धी अन्य व्यवस्था तोकीए बमोजिम हुनेछ ।

# सहकारी नियमावली २०७५ को असुली सम्बन्धि व्यवस्थाहरू

## परिच्छेद ८, नियम ३० देखि ३६ सम्मका सम्पूर्ण प्रावधानहरु

# सहकारी नियमावली २०७५ को असुली सम्बन्धि व्यवस्थाहरू...

## परिच्छेद ८,
## नियम ३०: ऋण तथा बाँकी बक्यौता असुली उपनियम (क) देखि (छ) सम्म धितो लिलामी तथा सकार सम्बन्धि व्यवस्थाहरु

# सहकारी नियमावली २०७५ को असुली सम्बन्धि व्यवस्थाहरू...

परिच्छेद ८,

नियम ३१: लिलाम विक्रि स्थगित गर्न सक्ने,

नियम ३२: असुलउपर हुन नसकेको रकम अन्य जायजेथाबाट असुलउपर गर्ने,

नियम ३३: बेचविखन वा लिलाम विक्रि गर्न वा लिजमा दिन नहुने (साझा सहकारीहरु)

# सहकारी नियमावली २०७५ को असुली सम्बन्धि व्यवस्थाहरू...

परिच्छेद ८,

नियम ३४: लिलाम सकार्ने व्यक्तिबाट ऋण असुल गर्ने,

नियम ३५: लिलाम विक्रि नभएमा जायजोथा सहकारी संस्थाको स्वामित्वमा रहने

नियम ३६: जायजेथा फिर्ता गर्नुपर्ने

# सहकारी संस्थामा ऋण असुली सम्बन्धि नीतिगत व्यवस्था

- ✓ म्यादभित्र साँवाब्याज असुल उपर हुन नसकेमा ऋणीको बचत रकमबाट संस्थाको बाँकी रकम असुल उपर गर्ने,
- ✓ बचत रकमबाट संस्थाको बाँकी असुल उपर हुन नसकेमा धितो जमानतमा ऋण लिएको रहेछ भने प्रचलित कानुन बमोजिम सो धितो लिलाम बिक्रि गरी संस्थाको रकम असुल उपर गर्ने ,
- ✓ यसरी ऋण असुली कारवाहि गर्दा लागेको सम्पूर्ण खर्च सम्बन्धित ऋणी बाट असुल गर्ने

# सहकारी संस्थामा ऋण असुली सम्बन्धि नीतिगत व्यवस्था...

- ✓ म्यादभित्र साँवाब्याज असुल उपर हुन नसकेमा ऋणीको बचत रकमबाट संस्थाको बाँकी रकम असुल उपर गर्ने,

- ✓ बचत रकमबाट संस्थाको बाँकी असुल उपर हुन नसकेमा धितो जमानतमा ऋण लिएको रहेछ भने प्रचलित कानुन बमोजिम सो धितो लिलाम बिक्रि गरी संस्थाको रकम असुल उपर गर्ने ,

# सहकारी संस्थामा ऋण असुली सम्बन्धि नीतिगत व्यवस्था

- ✓ ऋण असुली कारवाहि गर्दा लागेको सम्पूर्ण खर्च सम्बन्धित ऋणी बाट असुल गर्ने,
- ✓ सहकारी ऐन २०७४ र नियमावली २०७५ मा व्यवस्था भएबमोजिम धितो लिलाम गरी असुली गर्ने

# सहकारी संस्थामा ऋण असुली भन्दा अघि निम्न विषयहरुमा पर्याप्त ध्यान दिनुपर्छ ।

१. ऋण असुलीको लागि जिम्मेवार को हो, सो कुरा स्पष्ट हुनुपर्छ । ऋण लगानी गर्ने पक्ष नै असुलीको लागि जिम्मेवार हुन्छ । यसर्थ व्यवस्थापनमा ऋण अधिकृत, ऋण सहायक र व्यवस्थापक तथा ऋण उपसमिति नै असुलीको लागि जिम्मेवार हुनुपर्छ ।



# सहकारी संस्थामा ऋण असुली भन्दा अघि निम्न विषयहरुमा पर्याप्त ध्यान दिनुपर्छ...

२. लगानी गरिएको ऋण असुली हुन नसकेको कुन मितिदेखि भाखा नाघेको ऋणको रुपमा गणना गर्ने हो, सो नीतिमा उल्लेख गर्नुपर्छ । सामान्यतया किस्ता नाघेको मितिले १ देखि ७ दिन भित्र भाखा नाघेको ऋणको रुपमा गणना गर्ने व्यवस्था गरिनुपर्छ ।



## सहकारी संस्थामा ऋण असुली भन्दा अघि निम्न विषयहरुमा पर्याप्त ध्यान दिनुपर्छ...



३. मासिक रुपमा भाखा नाघेको सम्पूर्ण ऋणको विवरण सञ्चालक समितिको वैठकमा पेश गरिनुपर्छ र समितिले आवश्यक रणनीति तय गरी असुलीको लागि व्यवस्थापनलाई आवश्यक सम्पूर्ण अधिकार दिनुपर्छ ।

# सहकारी संस्थामा ऋण असुली भन्दा अघि निम्न विषयहरुमा पर्याप्त ध्यान दिनुपर्छ...



४. भाखा नाघेको कति दिन पछि र कुन कुन सञ्चारको माध्यमद्धारा ऋणीलाई सम्पर्क गर्ने हो सो स्पष्ट हुनुपर्छ । सञ्चारका माध्यमहरु भन्नाले फोन, म्यासेजीङ, इमेल, चिट्ठी, भेटघाट आदि हुन् ।

## सहकारी संस्थामा ऋण असुली भन्दा अघि निम्न विषयहरुमा पर्याप्त ध्यान दिनुपर्छ...

५. असुलीको लागि भएका सबै प्रयासहरुको अनिवार्य रुपमा अभिलेख राख्नुपर्छ र कागजात तथा प्रतिवेदनको व्यवस्था गरिनुपर्छ ।



## सहकारी संस्थामा ऋण असुली भन्दा अघि निम्न विषयहरुमा पर्याप्त ध्यान दिनुपर्छ...

६. साक्षी वा जमानीलाई कहिले सम्पर्क गर्ने हो सो उल्लेख हुनुपर्छ र सोको जानकारी अग्रिम गराउनुपर्छ । सामान्यतया पहिलो किस्ता भाखा नाघिसकेपछि साक्षी वा जमानीलाई सम्पर्क गर्नुपर्छ ।



# सहकारी संस्थामा ऋण असुली भन्दा अघि निम्न विषयहरुमा पर्याप्त ध्यान दिनुपर्छ...

७. भाखा नाघेको ऋणको समस्या थपिंदै गएको छ भने असुलीलाई भन्दा निम्न कुराहरुलाई वृहत ढंगले ध्यान दिनुपर्छ :

क) ऋण दिने प्रणाली,

ख) ऋण दिने प्रक्रिया

ग) ऋणको सेवाहरु र

घ) ऋण नीति



# सहकारी संस्थामा नियमित ऋण भुक्तानी प्राप्तिको लागि निम्नानुसारको व्यवस्था गर्नुपर्छ

- ऋण लगानी गर्नुपुर्व नै भुक्तानी तालिका, सम्झौतापत्र र अफर चिट्ठी दिनुपर्छ,
- भाखा नाघेको ऋण गणनाको लागि मासिक रुपमा ऋणको वर्गिकरण गर्नुपर्छ ।
- सञ्चालक समितिले नियमित रुपमा भाखा नाघेको ऋणको प्रतिवेदनमा छलफल गर्नुपर्छ ।



## सहकारी संस्थामा नियमित ऋण भुक्तानी प्राप्तिको लागि निम्नानुसारको व्यवस्था गर्नुपर्छ...

- सञ्चालक समितिले भाखा नाघेको ऋणको विश्लेषण, त्यस्तो ऋणले हुने नाफा घाटाको विश्लेषण, तरलताको समस्या र संस्थागत पुँजीमा पार्ने नकारात्मक परिणामको विश्लेषण गर्नुपर्छ ,
- जोखिमपुर्ण ऋणहरुको लागि जोखिम कोष पर्याप्त हुनुपर्छ,
- ऋण भाखा नाघ्न नदिन नीतिमा पर्याप्त कडाई गर्नुपर्छ,



# सहकारी संस्थामा नियमित ऋण भुक्तानी प्राप्तिको लागि निम्नानुसारको व्यवस्था गर्नुपर्छ...

- सम्भव भएसम्म ऋण र ऋणीको विमा गर्ने,
- असुलीमा खटिएका कर्मचारीहरुले उपयुक्त तालिम प्रशिक्षण प्राप्त गरेको हुनुपर्छ,
- व्यवस्थापनले असुलीको लागि पर्याप्त समय दिनुपर्छ,



## सहकारी संस्थामा नियमित ऋण भुक्तानी प्राप्तिको लागि निम्नानुसारको व्यवस्था गर्नुपर्छ...

- सम्भव भएसम्म ऋण र ऋणीको विमा गर्ने,
- असुलीमा खटिएका कर्मचारीहरुले उपयुक्त तालिम प्रशिक्षण प्राप्त गरेको हुनुपर्छ,
- व्यवस्थापनले असुलीको लागि पर्याप्त समय दिनुपर्छ,



## सहकारी संस्थामा नियमित ऋण भुक्तानी प्राप्तिको लागि निम्नानुसारको व्यवस्था गर्नुपर्छ...

- असुलीको लागि अन्य कुनै विकल्पको समेत खोजि गर्नुपर्छ
- टेलरमा कार्यरत कर्मचारीसँग अद्यावधिक गरिएको भाखा नाघेको ऋणीहरुको विवरण हुनुपर्छ,
- कानुनी उपचारबाट असुली गर्ने प्रक्रियालाई समयसीमा भित्रै गरिनुपर्छ ।



# अन्तमा

सहकारीमा ऋण लगानी सँगसँगै जोखिम शुरु हुन्छ र त्यसको उचित व्यवस्थापन गर्नको लागि पर्याप्त नीतिगत आधारहरु तयार गर्नुपर्छ र व्यवस्थापन सँधै यस सम्बन्धमा चनाखो भैरहनु जरुरी छ । साथै सञ्चालक समितिको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभावमा लगानी र असुली हुनुहुँदैन ।

# धन्यवाद